आज मिति २०७७ फाल्गुण ४ गते यस वेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका वैठक अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा वसि निम्न निर्णय गरियो ।

१. अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी

२. उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल

३. वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ

४. वडा अध्यक्ष श्री टंक बहादुर थापा

५. वडा अध्यक्ष श्री भुवन त्रिपाठी

६. वडा अध्यक्ष श्री गुणराज उप्रेती

७. वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल

८. वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर

९. वडा अध्यक्ष श्री हिरालाल थपलिया

१०. वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ

११. वडा अध्यक्ष श्री सुरेश मल्ल

१२. वडा अध्यक्ष श्री अम्वर बहादुर गुरुङ

१३. कार्यपालिका सदस्य श्री कमला राना मगर

१४. कार्यपालिका सदस्य श्री कान्छीमाया मगर

१५. कार्यपालिका सदस्य श्री विन्दा मगराती

१६. कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी

१७. कार्यपालिका सदस्य श्री राम बहादुर वराम

१८. प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई

आमन्त्रीत,

१. लेखा अधिकृत श्री सन्तोष अर्याल

२. सुचना अधिकारी श्री परशुराम घिमिरे

३ शिक्षा अधिकृत श्री कोषराज पाण्डे

Scanned with CamScanner

निर्णय नं. १.

राजमार्ग सामुदायिक अस्पताललाई हाइवे ट्रमा सेन्टरको रुपमा विकास गर्ने भनि मिति २०७६ पौष-४ को कार्यपालिका बैठक बाट निर्णय भै नेपाल सरकारबाट राजमार्ग सामुदायिक अस्पताल ट्रमा सेन्टर व्यवस्थापन तथा औषधी खरिद सामग्री खरिद शिर्षकमा बजेट विनियोजित भई प्राप्त हुन आएकोले सो सम्बन्धमा आवश्यक कार्यान्वयनको लागि स्थलगत रुपमा निरिक्षण गरी स्थानीय समुदायको समेत रायसल्लाह समेत लिई आवश्यक सिफारिस गर्न उपाध्यक्ष श्री देवी प्रसाद सिलवालको संयोजकत्वमा निम्नानुसारको समन्वय समिति गठन गर्ने निर्णय गरियो।

१. संयोजक - उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल
२. सदस्य - वडा अध्यक्ष वडा नं. १ श्री भुवन त्रिपाठी
३. " " " -४ श्री गुणराज उप्रेती
४. " " " -५ श्री रोशन कुमार सिलवाल
५. सदस्य सचिव स्वास्थ्य संयोजक श्री शंकरबाबु दवाडी

निर्णय नं. २.

फुसको घर विस्थापन कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा वडा हरुबाट फुसको छानो भएको घरको विवरण सिफारिस भै आएकोले प्राविधिक अनुगमन गराई प्राप्त प्रतिवेदनको आधारमा यस गाउँपालिकालाई प्राप्त कोटा सिफारिस गर्ने ~~अख्तियारी~~ निर्णय गरियो।

निर्णय नं. ३

नेपाल सरकारबाट विशेष अनुदान कार्यक्रम कम्पोनेन्ट-१ मा सुरक्षित र स्वास्थ्य भविष्य किशोर किशोरीको लक्ष्य आयोजना कार्यक्रमको लागि यस गाउँपालिकाका एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन नभएका निम्न सरकारी माध्यमिक विद्यालयहरु प्राथमिकता क्रम अनुसार छनौट गरी सिफारिस गर्ने निर्णय गरियो।

छनौट भएका विद्यालय प्राथमिकता क्रम अनुसार

१. राष्ट्रिय माध्यमिक विद्यालय, बेनीघाट रोराङ -१०
२. पिपलमज्याङ माध्यमिक विद्यालय, बेनीघाट रोराङ -२
३. कालिका माध्यमिक विद्यालय, बेनीघाट रोराङ -८

निर्णय नं. ४.

विद्यालय शिक्षण सहयोग अनुदान बापत प्राप्त एकमुष्ठ (कोटा) यस गाउँपालिका भित्र माध्यमिक कक्षा सञ्चालन भै रहेका र कुनै ~~६~~० मा.वि. दरबन्दि नरहेका निम्न ~~माध्य~~ विद्यालयहरु लाई निम्न कोटा उपलब्ध गराउने निर्णय गरियो।

| | विद्यालयको नाम | | अनुदान कोटा |
|---|---|---|---|
| १. | राष्ट्रिय मा.वि. खोरमञ्ज्याङ | - | २ (दुई) |
| २. | पञ्चकन्या मा.वि. स्याउदुल | - | १ (एक) |
| ३. | हर्कपुर मा.वि. हर्कपुर | - | १ (एक) |
| ४. | चन्द्रोदय मा.वि. बेनीघाट | - | १ (एक) |
| ५. | कालिका मा.वि. भिदाङ | - | १ (एक) |

निर्णय नं. ५.

कार्यपालिका प्रशासनिक भवन अभावको कारण दैनिक प्रशासनिक कार्यमा निकै असुविधा भै रहेकोले स्वीकृत DPR बमोजिम बहुवर्षिय योजनाको रुपमा टेण्डर प्रकाशन गरी तत्काल काम शुरु गर्ने निर्णय गरियो।

निर्णय नं. ६.

निम्न विद्यालयहरुले जग्गा अभावको कारण भवन निर्माण लगायत संरचनाहरु बनाउन समस्या भएकोले जग्गा खरिद को लागी आवश्यक प्रक्रिया सहित विज्ञापित भै आएकोमा विद्यालयहरुबाट विज्ञापित भै आएको मुल्य स्थानीय चलन चल्तीमा चलेको पाइएकोले निम्न विद्यालयहरुको लागी निम्न तपशीलका जग्गा तपशीलको मुल्यमा खरिद गर्ने निर्णय गरियो।

तपशील

| | विद्यालयको नाम | जग्गाको विवरण | जम्मा मुल्य |
|---|---|---|---|
| १. | श्री शंखादेवी मा.वि. मझिफाँट | साविक जोगीमारा गा.वि.स. वडा नं. ६ कि.नं ३०२३ को जम्मा क्षेत्रफल ०-६-०-१ | डल्लीले लाखे रु ३०,०००००/- |
| २. | श्री पञ्चकन्या मा.वि. स्योदुल | साविक बेनीघाट गा.वि.स. वडा नं. ८ कि.नं. १५२ क्षेत्रफल ३-१४-१-०२, कि.नं १५३ क्षेत्रफल ३-१४-१-१ | जम्मा रु. १२,००,०००/- |